** हालसम्म संसोधित
बिधान

# नेपाल एशोसीएसन फर ओभरसीज टेक्नीकल स्कलरसीप अलुमनाई सोसाइटीको बिधान २०४७

प्रस्तावना -

ओभरसिज टेक्निकल स्कलरसिप जापान Overseas Technical Scholorship JAPAN अन्तरगत तालिम प्राप्त प्राविधिज्ञहरुको ज्ञान र सिपलाई देश र समाजको हित अनुकुल प्रयोग गर्दै लैजाने उद्देश्यले यो विधान लागु गरिएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१) सस्थाको नाम र प्रारम्भः-

क) यो संस्थाको नाम :- नेपाल : एशोसिएसन फर ओभरसिज टेक्निकल स्कलरसिप अलुमनाई सोसाइटी ( **NEPAL ASSOCIATION FOR OBERSEAS TECHNICAL SCHILARSHIP ALUMNI SOCIETY**) छोटकरीमा नेपालः ए. ओ. टि. एस. अलुमनाई सोसाइटी (NEPAL A.O.T.S. ALUMNI SOCIETY ) रहनेछ ।

ख) यो बिधान सम्वन्धित निकायवाट स्विकृत भएको मितिवाट तुरुन्त प्रारम्भ हुनेछ ।

२) परिभाषा:- बिषय वा प्रशङगले अर्को अर्थ नलागेमा यो विधानमा

क) समाज भन्नाले नेपालः एसोसिएसन फर ओभरसिज टेक्निकल स्कलरसिप अलुनाई सोसाइटी (नेपालः ए. ओ. टी. एस. अलुनाई सोसाइटी) NEPAL ASSOCIATION FOR OVERSEAS TECHNICAL SCHOLARSHIP ALUMNI SOCIETY भन्ने सम्भनु पर्छ ।

ख) विधान भन्नाले यस नेपाल : ए. ओ. टि. एस. अलुमनाई सोसाइटीको विधान लाई सम्भनु पर्छ ।

ग) सदस्य भन्नाले समाजको सदस्यलाई सम्भनु पर्छ ।

घ) साधारण सभा भन्नाले यस समाजको साधरण सभालाई सम्भनु पर्छ ।

ङ) कार्य समिति भन्नाले यस समाजको कार्य समितिलाई सम्भनु पर्छ ।

च) स्थानिय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारी वा श्री ५ को सरकार ले तोकेको व्यक्तिलाई सम्भनुपर्छ ।

छ) नियम भन्नाले यो विधान अन्तरगत वनेको नियमलाई सम्भनु पर्छ ।

३) समाजको छाप :– यो समाजको आफ्नो छुटै छाप हुनेछ ।

४) समाजको कार्यालय :– यो समाजको कार्यालय काठमाण्डौ महानगर पालिका वडा नं. ३५, कोटदेवी मार्ग १२०२/३९ , कोटेस्वरमा रहने छ ।

## परिच्छेद – २

## उद्देश्य

५) समाजको उद्देश्य :– यो समाज देहायको उद्देश्यको लागि स्थापना भएको छ ।–

(क) उपयूक्त प्राविधीक तथा ब्यवस्थापकीय कृयाकलाप द्वारा नेपाल ए. ओ. टि. एस. (AOTS) को तालिम प्राप्त गर्नेहरुको विचमा प्राविधीक तथा ब्यवस्थापकीय भाईचाराको बृद्वि गर्ने र आपसको प्राविधीक तथा ब्यवस्थापकीय ज्ञानलाई अध्यावधिक तथा विकशित गर्दै लैजाने ।

(ख) नेपाल र जापानको विचमा प्राविधीक, ब्यवस्थापकीय एवं वैज्ञानिक ज्ञानको आदानप्रदान लाई बृद्वि गर्ने ।

(ग) समाजका सदस्यहरुको विचमा वैज्ञानिक, ब्यवस्थापकीय र प्राविधीक ज्ञानको विस्तार गर्ने ।

(घ) अनुभवको आदान प्रदान गर्ने अवसरको सृजना गर्ने र संस्थाको उद्धेश्य संग मिल्ने विषयहरुमा अनुसन्धान गर्ने यस्को उद्धेश्य, स्वरुप, सांगठनिक ढांचा, पाठ्य सामाग्री, साधन, पद्धति, औपचारिक र अनौपचारिक शिक्षा संग सान्दर्भिक कुराहरु संग सम्वन्धित होस।

(ङ) विज्ञान, प्रविधि, र ब्यवस्थापन सम्वन्धि शिक्षा सामग्रीहरु विभिन्न माध्यममा (ईलेकट्रोनीक तथा प्रिन्ट आदी) प्रकाशित गर्ने ।

(च) विभिन्न तहको प्राविधिक शिक्षाको निम्ती प्रयोग हुने पाठ्य पुस्तक, प्राविधक पत्र-पत्रिकाहरु र अरु पाठ्य सामाग्रीहरुको निकाश गर्ने र प्रकाशित गर्ने ।

(छ) ए. ओ. टि. एस (AOTS) टोकियोले समृद्ध पारीका मुलुकहरुमा गर्ने प्राविधिक सहयोग अन्तरगत नेपालमा गरीने कृषकलापको आयोजना गर्ने र लागु गराउने ।

(ज) खास गरेर यस समाजको सदस्यहरु र साधारण तः नेपाली नागरिकहरुको हितको लागि प्राविधिक पत्र-पत्रिकाहरु, पुस्तक पुस्तिकाहरु र प्राविधिक लेखहरु प्रकाशित गर्ने ।

(झ) नेपालमा ए. ओटस ९ब्इत्क० को तालिम लिएकाहरुलाई मित्रताको एक सुत्रमा वाध्ने र एक आपसमा जिम्मेवारी वहन गराउने । तथा अन्य देशका ए. ओ. टि. एस. (AOTS) का पूर्व प्रशिक्षार्थीहरु संग मित्रता वढाउने ।

(ञ) समाजको लागि चाहिने जमिन, भवन र साधनहरु गरिद गर्ने, भाडामा लिने, लिजमा लिने अथवा सट्टापट्टा गर्ने अथवा बनाउने , स्याहार सम्भार गर्ने, सजाउने, वनाउने र रंगरोगन गर्ने ।

(ट) समाजको सदस्यहरु अथवा वाहिरीया व्यक्तिहरुबाट चन्दा, दान प्राप्त गर्नु र समाजको उद्देश्यलाई सघाउ पुग्ने कुनै पनि दान, उपहार, चन्दा, स्विकार गर्नु तर कुनै पनि विदेशी दान, उपहार आदी विदेशी दान, उपहार नियमहरु मा उल्लेखित नियमहरुको पालना नगरी समाजले प्राप्त गर्ने छैन ।

(ठ) समाजको काम कार्यवाही, सभा बैठक तथा तालिम आदी संचालन गर्नको लागी आवश्यकता अनुसार उपयुक्त कार्यालय भवनको ब्यबस्था गर्ने र यस्को स्याहार सम्भार गर्ने ।

(ड) समाजको उद्देश्य प्रति को सिलसिलामा आइपर्ने अरु काम कुराहरु गर्ने ।

(ढ) उपयुक्त नेपाली नागरिकलाई जापान तथा अन्य देशहरुमा विभिन्न प्राविधिक तथा ब्यवस्थापकीय कार्यक्रमहरुमा भाग लिनको लागि सिफारिस गर्ने ।

## परिच्छेद – ३

## सदश्यता

६) सदश्यता : – समाजको सदश्य देहाय वमोजिम तिन प्रकारका हुने छन् ।

(क) टोकियो जापान स्थित ए ओटस (AOTS) वाट तालिम प्राप्त गर्ने कुनै पनि नेपाली नागरिक समाजको सदश्य हुन सक्नेछ ।

(ख) ए ओ टि यस ओभरसिज टेक्निकल को अपरेसन एक्टिभिटिज (AOTS OVERSEAS TECHNICAL COOPERATION ACTIVITIES) अन्तरगत नेपालमा तालिम प्राप्त गर्ने कुनै पनि नेपाली समाजको सहसदस्य (ASSOCIATE MEMBER) हुन सक्नेछ ।

(ग) नेपाल भित्र अथवा नेपाल बाहिर जहां भए पनि समाजको प्राविधिक, ब्यवस्थापकीय र वैज्ञानिक कृयाकलापलाई सधाउ पु-याउने व्यक्तीलाइ मानार्थ सदश्य प्रदान गर्न सकिनेछ ।

७) सदश्यको योग्यता :– यो समाजको सदश्यता प्राप्तीको निम्न लिखित योग्यता पुगेको हुनुपर्छ ।

(क) नैतिक पतन हुने फौज्दारी अभियोगमा कुनैपनि अदालत वाट सजाइएं पाएको हुनु हुदैन ।

(ख) यो समाजको उद्देश्य पालना गरेको हुनुपर्छ ।

(ग) यो समाजले तोके वमोजिमको प्रवेश शुल्क वार्षिक शुल्क लगायत अन्य शुल्कहरु नियमित रुपमा बुझाएको हुनु पर्दछ ।

(घ) कार्यकारी सदस्य मध्ये कमसेकम् एक जनाले सदश्यता प्राप्त गर्न चाहने व्यक्ति सदश्यता प्राप्तिको लागि योग्य छ भनि सिफारिस गरेमा हुनुपर्छ ।

(ङ) यो समाजको विधानको पालना गरेको हुनु पर्छ । समाजको स्ववथ विकासको निम्ति हर प्रयास गरेको हुनु पर्दछ ।

८) समाजको सदश्य देहाय वमोजिम ३ प्रकारको हुने छ ।

(क) साधरण सदश्य :– ए. ओ. टि. एस. (AOTS) जापान वाट तालिम प्राप्त गरेको कुनै पनि नेपाली नागरिक समाजको सदश्य हुन सक्नेछ ।

(ख) सहसदस्य :– ए ओ. टि. एस. ओभरसिज टेक्निकल को अपरेसन एक्टिभिटिज (AOTS OVERSEAS TECHNICAL COOPERATION ACTIVITIES ) अन्तरगत नेपालमा तालिम प्राप्त गर्ने कुनै पनि नेपाली यो समाजको सहसदस्य (ASSOCIATE MEMBER ) हुन सक्नेछ ।

(ग) मानार्थ सदश्य :– समाजले कुनै पनि ख्याति प्राप्त प्राविधिक, ब्यवस्थापकीय र वैज्ञानिक कृयाकलापमा संलग्न नेपाल भित्रको अथवा वाहिरको व्यक्ति, संस्था वा संस्थानलाई मानार्थ सदश्य प्रदान गर्न सक्नेछ।

९) सदश्य शुल्क र सदश्यता प्रदान गर्ने कार्यविधि :– यो समाजको सदश्य शुल्क र सदश्यता प्राप्त गर्ने विधि निम्न वमोजिम हुनेछ ।

(क) सादश्यता शुल्क :– कुनै पनि प्रकारको सदश्यता को लागि प्रवेश शुल्क रु २००/– लाग्ने छ । सदश्य हुने चाहाने व्यक्तिले समाजको सदश्य अथवा सहयोगी हुनको निम्ति चाहिने प्रमाण सहित तोकिएको ढाँचामा दर्खास्त दिएको हुनुपर्छ ।

(ख) सदश्यले वार्षिक सदश्यता शुल्क रु. २००।– वुझाउनु पर्नेछ । समितीले तोके अनुसार शुल्क बुझाएको खण्डमा आजिवन सदश्य हुन सकिने छ । आजिवन सदश्य संख्या कूल सदश्य संख्याको ५० प्रतिशतमा वढाउने छैन । आजिवन सदश्यता प्रत्येक तीन वर्षमा खुल्ला गर्नसकिनेछ ।

(ग) सहसदस्य ( ASSOCIATE MEMBER ) ले समितीले तोके अनुसारको बाषिक शूल्क बुझाउनु पर्नेछ ।

(घ) सदश्यता शुल्क बुझाउन बांकी सदश्यलाई कार्य समितिको चुनावमा भागलिन दिईने छैन ।

(ङ) कार्य समिति अथवा साधारण सभाको अनुमति बाट समाजले कुनै व्यक्ति अथवा संगठन वाट दान, उपहार चन्दा प्राप्त गर्न सक्नेछ ।

१०) सदश्यको अयोग्ता :– निम्न लिखित अवस्थाका व्यक्ति यस समाजको सदश्य रहन अयोग्य ठहर्न सक्ने छ।

(क) अति वयोबृद्ध भएमा, होस ठेगानमा नभएको व्यक्ति भएमा ।

(ख) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालत द्धारा सजाय पाएमा ।

(ग) म्याद भुक्तान भएको ६ महिना भित्र सदश्यताको नविकरण नगरिएमा ।

११) सदश्यताको समाप्ती :– देहायको अवस्थामा सदश्यमा समाप्त भएको मानिनेछ ।

(क) मृत्यूभएमा

(ख) राजिनामा दिएमा

(ग) सदश्यता नविकरण नगराएमा

(घ) कार्य समितिले निस्कंशित गर्ने निर्णय गरेमा

(ङ) कुनै सदश्यले समाजको बिधानको उलंधन हुने काम गरेमा अथवा समाजको नाम लाई प्रतिकूल असर पर्ने काम गरेमा निजलाई कारवाही गर्न वोलाइएको बैठक को कुल सदश्य २।३ सदश्यले अयोग्य घोषित गरेमा ।

## परिच्छेद – ४

## साधरण सभा तथा कार्य समिति

१२) साधारण सभा :

(क) समाजको साधारण सभा सामान्यतया १ बर्ष मा एक पटक वस्नेछ ।
(ख) साधारण सभाले कार्य समितिको सदश्यको निर्वाचन गर्ने, समाजको वजेट माथि छलफल गरी पारीत गर्ने, समाजको कार्यक्रमको निर्धारण गर्ने ।

१३) साधारण सभाको अधिवेसन :– यस समाजको साधारण सभाको अधिवेसन कार्यसमितिवाट १ बर्ष मा एक पटक वोलाईनेछ ।

१४) साधारण सभाको काम, कर्तव्य र अधिकार :–

(क) कार्य समितिवाट प्रदान गरिएको सदश्यता लाई अनुमोदन गर्ने ।
(ख) कार्य समितिको निर्वाचन गर्ने ।
(ग) समाजको वजेट पारित गर्ने ।
(घ) असाधारण सभा बोलाउन परेमा कार्यसमिति लाई अनुरोध गर्ने ।
(ङ) सभाको कोषको संकलन, श्रोतको खोजी कार्यसमितिवाट पेस भएको आर्थिक प्रतिवेदन माथि जाँचवुझ गर्ने, छलफल गर्ने संसोधन गर्नु पर्ने भएमा संसोधन गरी पारित गर्ने ।

१५) कार्य समिति (गठन विधि) :–

(क) कार्य समितिको गठन साधारण सभावाट गरिने छ ।
(ख) कार्य समितिमा कमश: अध्यक्ष, उपाध्यक्ष, महा सचिव, कोषाध्यक्ष, आन्तरिक लेखापरिक्षक समेतका पदाधिकारीहरु गरी जम्मा १५ जना सदश्यहरु हुने छन् ।
(ग) कार्य समितिको पदाधिकारीहरु । सदश्यहरुको निर्वाचन साधारण सभाका सदश्यहरु मध्ये वाट हुने छ ।
(घ) कार्य समितिको पदावधि २ वर्षको लागि हुने छ । वर्षको गणना गर्दा चालु वर्षको १६ जुलाई (नेपाली आर्थिक वर्ष मुताविक) एक वर्ष मानिनेछ ।
(ङ) कार्य समितिको निर्वाचन प्रत्येक २ वर्षमा जुलाई महिनामा गरिनेछ ।
(च) समाजको महासचिवले सबै सदश्यहरु लाई चुनावको अग्रिम सुचना १४ दिन अधि दिनु पर्नेछ । साधारण सभावाट लेखापरिक्षकको नियुक्ती गर्ने र नीजको पारिश्रमिक तोक्ने ।
(छ) कार्य समितिको निर्वाचन निर्वाचनको लागि भेला भएका सदश्यहरु मध्येवाट मनोनित आयूक्त द्वारा गराइने छ । यसरी मनोनित निर्वाचन आयूक्तलाई निर्वाचनमा खडा हुने अधिकार हुने छैन । कार्यसमितिको पदाधिकारीको लागि उमेदवार वन्न कार्यसमितिको सदस्य भई कम्तीमा २ वर्ष यस समाजको विभिन्न कृयाकलापमा सकृय रहेको हुनुपर्ने छ ।
(ज) चुनाव आयूक्तले गुप्त मतदान द्वारा अथ्वा खुल्ला आम सहमति द्वारा निर्वाचन गराउने छ । कार्यसमितिको आन्तरिक लेखापरिक्षक पदको उम्मेदवार वन्न लेखा परिक्षण सम्वन्धि विशेष ज्ञान भएको हुनुपर्ने छ ।

(झ) कार्य समितिको पदाधिकारीलाई लगातार तिन पटक भन्दा बढि कार्यसमितिको सदश्य बाहेक अरु कुनै एकै पदमा खडा हुन पाउने अधिकार हुने छैन ।

(ञ) कार्य समितिको कुनै पद रिक्त भउमा साधारण सभाले कुनै सदश्यलाई सहवरण गरि पुर्ति गर्ने छ ।

१६) कार्य समितिको काम कर्तव्य र अधिकार :–

(क) समाजको दैनिक कार्य सन्चालन गर्ने ।
(ख) कर्मचारीको नियुक्ति बर्खासी गर्ने ।
(ग) समाजको सम्पत्ती खरिद विक्रि गर्ने ।
(घ) साधारण र असाधारण सभाको निर्णय कार्यान्वयन गर्ने ।
(ङ) कुनै पनि मुद्दा मामिलामा समानको तर्फबाट प्रतिनिधित्व गर्ने ।
(च) नयां सदश्य ताको लागि प्राप्त आवेदनमा छानविन गरि सदश्यता प्रदान गर्ने ।
(छ) समाजको उद्देश्य अनुरुपको कार्यक्रम विस्तार गर्ने ।

## परिच्छेद – ५

१७) पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :–

(क) सभापति :–
  (१) समाजको क्रयाकलापमा नेत्रृत्व प्रदान गर्ने ।
  (२) समाजको सबै बैठकहरुको अध्यक्षता गर्ने ।
  (३) समितिको निति निर्धारण गर्ने सिलसिलामा सभापतीले कार्य समितिको सदश्यहरु संग सल्लाह गर्ने ।
  (४) सभापतिले निर्णायक मतपत्र प्रदान गर्नेछ ।

(ख) उप – सभापती :–
  (१) सभापतीलाई समाजको कार्य सम्पादनमा सहयोग गर्ने ।
  (२) सभापतीको अनुपस्थितिमा सभापतिले यो विधान अन्तरगत गर्ने सबै काम गर्ने ।
  (३) सभापतिले तोकिदिएको समाजको कार्य सम्पादन गर्ने ।

(ग) महासचिव :–
  (१) महासचिवले समाजको आर्थिक मामिला बाहेक अरु सबै कुराको अभिलेख राख्ने छ ।
  (२) सभापती र उपसभापतीको अनुपस्थितीमा कार्य समितिको अध्यक्षता गर्ने ।
  (३) महासचिवले कार्य समिति एवं साधारण सभाको बैठक को सुचना जारी गर्ने छ । र सबै बैठक को ठिक ठिक विबरण राख्ने छ ।

(घ) कोषाध्यक्ष :–
  (१) कोषाध्यक्षले समाजको सबै आर्थिक अभिलेख राख्ने छ ।
  (२) कोषाध्यक्षले समाजका सबै सदश्यहरुबाट सदश्यता शुल्क उठाउने छ ।
  (३) कोषाध्यक्षले समाजको आर्थिक बिवरण तयार पारि कार्य समिति र साधारण सभामा प्रस्तुत गर्नेछ ।
  (४) कोषाध्यक्षले समाजको बैंक खाता राख्ने छ र त्यस्तै बैंक खाता का बैंक आफ्नो महासचिव । सभापती । उपसभापती मध्ये १ जनाको समेत २ जनाको दस्तखत वाट संचालन गर्ने छ ।

(ङ) सहसचिव :–

(१) महासचिवलाई समाजको कार्य सम्पादनमा सहयोग गर्ने ।

(२) महासचिवको अनुपस्थितिमा यो बिधान अन्तरगत महासचिवले गर्ने सबै काम गर्ने ।

(च) आन्तरिक लेखा परिक्षक :–

(१) समाजको कार्य सम्पादनमा कोषाध्यक्षलाई सहयोग गर्ने ।

(२) कोषाध्यक्षको अनुपस्थितिमा यो बिधान अन्तरगत कोषाध्यक्षले गर्ने सबै काम गर्ने ।

(३) नेपालको लेखा परिक्षणको सिद्धान्त अनुसार समाजको आन्तरिक लेखा परिक्षण गर्ने ।

(४) ए. ओ. टि. एस. (ब्इत्व), जापानलाई आवश्यक लेखा प्रतिवेदन तयार गर्ने ।

## परिच्छेद – ६

## आर्थिक व्यवस्था

१८) आर्थिक सोत :–

(क) श्री ५ को सरकारवाट प्राप्त हुन सक्ने अनुदान अन्य व्यक्ति वा संस्थाहरुवाट प्राप्त हुन सक्ने सहयोग चन्दा दान, उपहार र सदश्यहरुवाट प्राप्त रकम समाजको कोष हुनेछ ।

१९) चल अचल सम्पतीको विवरण :–

२०) कोष :– धारा १८ (क) मा उल्लेखित सबै रकमहरु समाजको कोष मानिनेछ ।

२१) लेखा परिक्षण :–

(क) साधारण सभावाट पारित आम्दानी खर्चको विवरण लेखा परिक्षण स्थानिय अधिकारी समक्ष पेश गरिनेछ।

(ख) समाजको आय-व्यय बिवरण र लेखा परिक्षण स्थानिय अधिकारी समक्ष साथै पेश गरिनेछ ।

## परिच्छेद – ७

## बिविध

२२) निर्वाचन सम्वन्धि व्यवस्था :–

(क) यस समाजको कार्य समितिको पदाधिकारीहरु सदस्यहरुको निर्वाचन गोप्य मतदान द्वारा हुनेछ ।

(ख) निर्वाचनको आवश्यक व्यवस्था कार्य समितिबाट गरिनेछ ।

२३) उम्मेदवार हुन अयोग्यता :– यस विधानको धारा १० अन्तरगतका व्यक्तिलाई उम्मेद्वार हुन अयोग्य मानिनेछ ।

२४) कार्य समितिको सदस्य कायभर हननसक्ने अवस्था :–

(क) यदि कार्यसमितिको कुनै सदस्य कार्यसमितिको लगातार तिन वटा बैठकमा विना सूचना अनुपस्थित रहेमा कार्य समितिको सदस्य रहन अयोग्य मानिनेछ ।

(ख) कार्य समितिको कुनै सदश्यले यस विधानको जाना जान उलंघन गरेमा कार्य समितिले निलम्वन गर्न सक्नेछ । यस्तो मुद्धा लाई आउंदो साधारण सभाको बैठकमा निज सदश्यको सदश्यता रद्ध गर्नको निम्ति प्रस्तुत गरिनेछ ।

२५) यो समाज कुनै पनि राजनैतिक अथवा व्यापारिक कृयाकलापमा सरिक हुने हैन साथै यस्को कोष अथवा घर जग्गालाई व्यापारिक र राजनैतिक कृयाकलापमा प्रयोग गरिने छैन ।

२६) विधान संसोधन :–

समाजको साधारण सभाको दुई तिहाई बहुमतले चाहेमा यो विधान लाई रद्ध गर्न, संसोधन गर्न अथवा थपघट गर्न सकिनेछ ।

२७) नियम बनाउने अधिकार :– समाजको काम कारबाहीको लागि सन्चालन समितिले यो विधानको अधिनमारहि नियम बनाउन सक्ने छ ।

२८) समाजको विघटन :– कुनै कारणले समाज विघटन भएमा समाजको संपूण सम्पतीको स्वामित्व श्री ५ को सरकारमा सर्ने छ ।

२९) माथी जे लेखीएता पनी प्रचलीत ऐन कानुन बमोजिम संग बाझीएका कुराहरु स्वत : निस्कृय हुनेछन् ।

| | | |
|---|---|---|
| १. पूरुसोतम एन. मानन्धर | = | सभापती |
| २. विण्णु शर्मा | = | उपसभापती |
| ३. रमेश पि. नेपाल | = | महासचिव |
| ४. श्रीमती अमिरादली | = | कोषाध्यक्ष |
| ५. केदार लाल श्रेष्ठ | = | सदश्य |
| ६. भवानी ब. जोशी | = | सदश्य |
| ७. अशोक मान सिहं वानिया | = | सदश्य |
| ८. मघु सुदन भट्राइ | = | सदश्य |
| ९. परमानन्द बैद्य | = | सदश्य |
| १०. मुकुन्द आर. भण्डारी | = | सदश्य |